**छथर जोरपाटी गाउँपालिका**

**जोरपाटी, धनकुटा**

**दोस्रो गाउँ सभामा प्रस्तुत**

**आ. व. २०८३/०८४ को बजेट वक्तव्य**

**यस गरिमामय सभाका सभाध्यक्ष महोदय,**

**सभाका सदस्यज्यूहरु,**

आदरणीय छथर जोरपाटीबासी तथा यहाँबाट देश विदेशमा रहनु भएका सम्पूर्ण आमा-बुवा, दाजु-भाइ तथा दिदी बहिनीहरु, यस **दोस्रो गाउँ सभाको ९ औँ अधिवेशनमा** उपस्थित सम्पूर्ण महानुभावहरु सबैमा न्यानो अभिवादन सहित स्वागत गर्न चाहान्छु ।

- हामी नेपाली सबैको अथक प्रयासबाट यो मुलुकमा स्थापित संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको प्रतिफलस्वरुप सार्वभौमसत्ता सम्पन्न नेपाली जनताबाट निस्रित नेपालको संविधानको धारा २३० को अधिकार प्रयोग गर्दै स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ वमोजिम आज यस छथर जोरपाटी गाउँपालिकाको आ.ब. २०८३/०८४ को राजस्व र व्ययको अनुमान पेश गर्न उपस्थित भएको छु ।

- छथर जोरपाटी गाउँपालिका आ.ब. २०८३/०८४ को बजेट तथा कार्यक्रम प्रस्तुत गर्ने यो ऐतिहासिक अवसार प्राप्त भएकोमा म आफुलाई गौरवान्वित महशुस गर्दछु ।

- यस सन्दर्भमा सर्वप्रथम यो मुलुकमा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन पद्धतिलाई संस्थागत गर्ने क्रममा भएका विभिन्न आन्दोलनहरुमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नु हुने सम्पूर्ण ज्ञात-अज्ञात शहिदहरूप्रति भावपूर्ण श्रद्धान्जली अर्पण गर्दै उहाँहरुप्रति सम्मान व्यक्त गर्न चाहन्छु ।

- **"विकसित नेपाल विवेकशिल नेपाली"** भन्ने नारालाई आत्मसात गर्दै यस छथरजोरपाटी गाउँपालिकाको तर्फबाट **"शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन, पूर्वाधार - छथर जोरपाटी दिगो विकासको आधार"** भन्ने दीर्घकालीन सोचलाई मुख्य पथप्रदर्शनको रुपमा अंगीकार गर्दै वर्तमान र भविष्यमा प्राप्त हुने सम्पूर्ण श्रोत र साधनको परिचालन गर्ने कार्यमा केन्द्रित रहने गरी यो बजेट प्रस्तुत गर्ने प्रयत्न गरेको छु ।

- नेपालको संविधानले परिकल्पना गरेको लोककल्याणकारी राज्यको अवधारणा, मौलिक हकहरु, राज्यको निर्देशक सिद्धान्त र नीतिहरु, राज्यले अवलम्बन गरेको समाजवाद उन्मुख अर्थतन्त्र, नेपाल सरकारको चालु सोह्रौ पञ्च वर्षिय योजना, नेपाल सरकारको आ.ब. २०८३/०८४ को बजेट, कोशी प्रदेश सरकारबाट लागू गरिएको पञ्च वर्षिय आवधिक योजना, प्रदेश सरकारको नीति तथा कार्यक्रम, प्रदेश सरकारको आ.ब. २०८३/०८४ को बजेट, हालै पारित गरिएको यस गाउँपालिकाको २०८३/०८४ को नीति तथा कार्यक्रम, दिगो विकासका लक्ष्यहरु, लैंगिक उत्तरदायी बजेटको सिद्धान्त, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, अन्तर–सरकारी वित्त व्यस्थापन ऐन, २०७४, स्थानीय तहको मध्यकालीन खर्च संरचना दिग्दर्शन, २०७८, मिति २०८३ असार ७ गते यसै सभाबाट पारित नीति तथा कार्यक्रम, सरोकारवाला साझेदार संघ संस्था तथा विज्ञहरुबाट प्राप्त सुझाव, अन्य प्रचलित कानून समेतलाई ध्यानमा राखी यो बजेट तर्जुमा गर्ने प्रयत्न गरेको छु।

**सभाध्यक्ष महोदय !**

अव छथर जोरपाटी गाउँ कार्यपालिकाको चालु आ.ब. २०८२/०८३ को संशोधित बजेट खर्च र आगामी आ.ब. २०८३/०८४को लागि आय व्यय अनुमान पेश गर्न चाहन्छु ।

- चालु आ.ब. २०८२/०८३ को कुल बजेट रु. ४९ करोड ६० लाख ७० हजार २ सय रहेको थियो जसमा संघीय सरकारबाट वित्तीय समानीकरण अनुदानबाट रु. ८ करोड ६९ लाख आय अनुमान गरिएकोमा ७ करोड ७४ लाख ७० हजार आय प्राप्त भएको छ भने ७४ लाख आय प्राप्त हुन बाँकी रहेको छ ।

- राजस्व बाँडफाँड तर्फ रु. ७ करोड ६३ लाख ०४ हजार ७ सय अनुमान गरिएकोमा ७ करोड २८ लाख १३ हजार प्राप्त भएकोमा २८लाख प्राप्त हुन बाँकी रहेको छ।
- सशर्त अनुदान तर्फ रु. १८ करोड ५९ लाख ६८ हजार अनुमान गरिएकोमा १७ करोड ८७ लाख ६८ हजार चालु तर्फ प्राप्त भएको भने पुँजीगत तर्फ २ करोड ८७ लाख अनुमान गरिएकोमा ७९ लाख ३५ हजार प्राप्त भएकोमा १ करोड ७७ लाख ६५ हजार प्राप्त हुन बाँकी रहेको छ।
- प्रदेश सरकारबाट वित्तीय समानीकरण तर्फ रु. ७६ लाख ८४ हजार अनुमान भएकोमा सबै भएको छ ,
- प्रदेश राजस्व बाडफाँड तर्फ रु.५२ लाख ९७ हजार अनुमान भएकोमा ४० लाख प्राप्त भएकोमा १२ लाख ९७ हजार प्राप्त हुन बाँकी रहेको छ।
- प्रदेश सशर्त अनुदान तर्फ रु १ करोड ५३ लाख ४० हजार अनुमान भएकोमा सबै प्राप्त भएको छ।
- प्रदेश समपुरक अनुदान तर्फ रु १ करोड २० लाख अनुमान भएकोमा २१ लाख प्राप्त भएको छ भने ९९ लाख प्राप्त हुन बाकी रहेको छ, जुन कार्य प्रगतिको आधारमा मात्र प्राप्त हुने व्यवस्था रहेको छ।
- यसैगरी आन्तरिक आय तर्फ रु. १ करोड १० लाख उठ्ने अनुमान रहने अनुमानमा ६७ लाख मात्र प्राप्त भएको छ।

**श्रद्धेय सभाअध्यक्ष महोदय,**

अब म आर्थिक वर्ष २०८३/०८४ को लागि छथर जोरपाटी गाउँपालिकाको आयव्ययको अनुमान, समग्र क्षेत्रगत प्रस्तावित कार्यक्रम, कार्यक्रममा भएको विनियोजन, मुख्य क्रियाकलाप र बजेटसार संक्षेप प्रस्तुतिका लागि अनुमति चाहन्छु।

- आगामी आ.ब. को लागि संघीय सरकारबाट राजस्व बाँडफाटमा ७ करोड ८० लाख १७ हजार सात सय, वित्तीय समानीकरणमा ८ करोड ७६ लाख, स-शर्त अनुदानमा रु २० करोड ४५ लाख ६८ हजार, समपूरक अनुदानमा रु ५५ लाख प्राप्त भएको छ भने २ करोड ९९ लाख बहु-बर्षिय जोरपाटी सल्ले माङमाया दोभान योजना स्वीकृत भएको र विशेष अनुदान कृषि प्रवर्द्धन कार्यक्रममा रु १ करोड प्राप्त भएको छ।
- त्यसै गरी कोशी प्रदेश सरकारबाट राजस्व बाँडफाटमा ६२ लाख, वित्तीय समानीकरणमा ७६ लाख ३४ हजार, स-शर्त अनुदानमा रु ४८ लाख ६० हजार, समपूरक अनुदानमा रु १ करोड २० लाख, श्रम तथा रोजगार प्रवर्द्धन कार्यक्रममा विशेष अनुदान रु.२५ लाख प्राप्त भएको छ।
- आन्तरिक आय रू १ करोड १० लाख, चालु आ.ब.को मौज्दात ३ करोड १ लाख २४ हजार २ सय अनुमान गरिएको छ जुन आर्थिक बर्ष २०८२/०८३ को मसान्त सकिए पछि केही रकम थपघट हुनेछ। जुन समेत गरी कुल रू ४ करोड ११ लाख २४ हजार २ सय मात्र छथर जोरपाटी गाउँपालिकाको सञ्चित कोषमा जम्मा हुने अनुमान गरिएको छ।
- चालु आ.ब. २०८३।०८४ को लागि विभिन्न स्रोतहरुबाट प्राप्त भई सञ्चित कोषमा जम्मा हुने रकमलाई छथर जोरपाटी गाउँपालिकाको सर्वाङगिण हितलाई ध्यानमा राख्दै तथा जनभावनको कदर गर्दै विभिन्न शिर्षकहरुमा बजेट विनियोजन गरी जम्मा ४६ करोड विनियोजन गरेको छु। जसमा पूँजीगततर्फ जम्मा २१ करोड २५ मात्र र चालु तर्फ २४ करोड ७५ लाख विनियोजन गरेको छु।

**श्रद्धेय सभाअध्यक्ष महोदय,**

अब म विषयक्षेत्रगत र सोको उपक्षेत्रहरुमा निर्धारण गरिएको योजना तथा कार्यक्रम र सोको लागि विनियोजित बजेटको सम्बन्धमा प्रस्तुत गर्ने अनुमति चाहन्छु।

## आर्थिक विकास क्षेत्रतर्फ

### कृषि विकासका तर्फ

**"कृषि र पशु पेसामा लागौँ, आत्मनिर्भर र स्वावलम्बन बनौँ"** भन्ने मूल नाराका साथ छथर जोरपाटी गाउँपालिकाले व्यावसायिक कृषिलाई नयाँ उचाइमा पुर्‍याउने संकल्प गरेको छु र  किसानहरूको आयआम्दानीमा गुणात्मक बढोत्तरी गर्न सबै वडाहरूमा **कृषि पकेट कार्यक्रम मौरीपालन तथा च्याउ खेती जैविक मल उत्पादन तथा प्रयोग प्रवद्धन नयाँ नगदेबाली प्रवर्द्धनको लागि अगुवा कृषक भ्रमण जस्ता कार्यक्रमहरु** सञ्चालन गरिनेछ  जसको लागि पशुसेवा तर्फ कुल १ करोड ७५ लाख बजेट व्यस्थापन गरेको छु ।

### पशु विकासका तर्फ

छथर जोरपाटी गाउँपालिकाको मेरुदण्डको रुपमा रहेको पशुपालन व्यवसायलाई थप व्यवसायिक र आत्मनिर्भर बनाउन निशुल्क कृतिम गर्भाधान कार्यक्रमलाई विशेष प्राथमिकता दिएको छु । बंगुरमा कृतिम गर्भाधानलाई नयाँ कार्यक्रमको रुपमा अगाडी बढाइएको छ । बाँदर नियन्त्रण कार्यक्रमलाई यो वर्ष विशेष प्राथमिकतामा राखी विविध कार्यक्रहरु सञ्चालन गरिनेछ  जसको लागि पशुसेवा तर्फ कुल ३८ बजेट व्यस्थापन गरेको छु ।

### सहकारी, उद्योगका तर्फ

लघु उद्यम विकास कार्यक्रम मार्फत विपन्न, बेरोजगार र लक्षित वर्गका लागि उद्यमशीलता तालिम सञ्चालन साथै, पुराना उद्यमीहरूको क्षमता अभिवृद्धि, व्यवसाय स्तरोन्नति, पुनर्ताजगी तालिम र लघु, घरेलु तथा साना उद्योग प्रवर्द्धन (मेसिन, औजार, उपकरण ७५ प्रतिशत अनुदानमा वितरण) प्रविधि हस्तान्तरण कार्यक्रमलाई निरन्तरता दिनको लागि रु ५ लाख बजेट व्यवस्थापन गरेको छु ।

**"उत्पादन वृद्धि, मूल्य अभिवृद्धि र बजार सुनिश्चितता–समृद्ध गाउँपालिकाको साझा प्रतिबद्धता"** भन्ने नाराका साथ तरकारी खेती, पशुपन्छी र मत्स्य व्यवसायलाई उद्यमशीलतासँग जोडदैँ अनुपयुक्त जमिनलाई कृषियोग्य बनाई सहकारी तथा सामूहिक कृषि प्रणाली मार्फत रोजगारी सिर्जना गर्नको लागि विभिन्न कार्यक्रमहरुको व्यवस्थापन गरेको छु ।

### पर्यटन तथा वातावरण जलश्रोत  तथा सिंचाई तर्फ

**"पर्यटन पूर्वाधारको विकास गरौँ, छथर जोरपाटी गाउँपालिकालाई चिनाऊ"** भन्ने नाराका साथ यहाँको आर्थिक समुन्नति र रोजगारी सिर्जनाका लागि पर्यटन पूर्वाधार निर्माणलाई प्राथमिकता दिदै प्राकृतिक सम्पदाहरूलाई स्थानीय कला, संस्कृति र पहिचानसँग आवद्ध गर्दै, आन्तरिक तथा बाह्य पर्यटक आकर्षित गर्ने मनमोहक एवं दिगो पर्यावरण-मैत्री (Eco-Friendly) गन्तव्यका रूपमा विकास गर्न विशेष गुरुयोजना बनाई कार्यान्वयनको लागि **आवश्यक बजेटको** व्यवस्थापन गरेको छु ।

## क. सामाजिक क्षेत्र

### शिक्षा

"बालबालिकाहरुलाई कक्षा कोठामा ल्याऔँ, सिकाऔँ, पढाईमा टिकाऔँ र समाजमा विकाऔँ" र "शिक्षालाई श्रमसँग, श्रमलाई रोजगार सँग, रोजगारलाई उत्पादन सँग, उत्पादनलाई बजार सँग" भन्ने नारालाई आत्मसाथ गर्दै ४ वर्ष पूरा भएका बालबालिकाका लागि विद्यालय भर्ना अभियान चलाउनुका साथै, बालविकास केन्द्रमा नर्सरी/केजी कक्षा सञ्चालन गरिन र कक्षा ५ सम्म दिवा खाजा, झोला तथा अङ्ग्रेजी पाठ्यपुस्तक वितरण गर्नुका साथै पालिकास्तरीय परीक्षाको नतिजा (SEE र कक्षा ८) को आधारमा उत्कृष्ट विद्यालय, शिक्षक र विद्यार्थीलाई पुरस्कृत गर्न **आवश्यक बजेटको** व्यवस्थापन गरेको छु ।

साविकमा विद्यालय कर्मचारी लेखा सहायक बाल विकास सहयोगी कार्यकर्तालाई गाउँपालिकाको तर्फबाट प्रदान गर्दै आएको तलब भत्तालाई यथावत राख्दै सोही सिमाभित्र रही सामाजिक सुरक्षाकोषमा आवद्ध गर्ने आवश्यक व्यवस्था गरेको छु ।

विभिन्न आधारभूत विद्यालयमा आवश्यकताको आधारमा ल्यापटप खरिद गरि हस्तान्तरण गर्न र २८ ओटै विद्यालयमा रहेको कम्प्युटर र मेशिनरी सामाग्रीहरुको नियमित मर्मत सम्भार गर्न १० लाख ५० हजार बजेट व्यवस्थापन गरेको छु ।

कक्षा ६-१२ का छात्राहरूलाई सेनिटरी प्याड वितरणलाई निरन्तरता दिईनुका साथै लक्षित वर्गका (गरिब, दलित, जेहेन्दार आदि) १ छात्र र १ छात्रालाई विज्ञान विषय पढ्न **"छथर जोरपाटी शैक्षिक छात्रवृत्ति"** दिइने; प्राविधिक धारमा **"पढ्दै कमाउँदै"** कार्यक्रम लागू गरिने र खेलकुदको विकास गरी खेलाडीको भविष्य सुरक्षित गर्नका लागि खेल प्रशिक्षण सहितको लागि **आवश्यक बजेटको** व्यवस्थापन गरेको छ । प्रविधिको आधुनिक प्रयोगलाई बढावा दिन गाउँपालिका भित्रका केही विद्यालयहरूलाई नमुनाको रूपमा Digital Learning System (IEMIS, ICT) मा रूपान्तरण गर्नका लागि **आवश्यक बजेटको** व्यवस्थापन गरेको छ ।
माथि उल्लिखित कार्यक्रमहरुको गरी शिक्षा क्षेत्रमा जम्मा रु १६ करोड ७७ लाख विनियोजन गरेको छ।

## स्वास्थ्य

**"म स्वस्थ, मेरो पालिका स्वस्थ, मेरो देश स्वस्थ"** भन्ने नाराका साथ सबै टोलमा पूर्ण खोप सेवा, पोषण कार्यक्रम, गर्भवती प्रोत्साहन भत्ता, मातृ–शिशु कल्याण, परिवार नियोजन र सुरक्षित प्रजनन स्वास्थ्य सेवाको पूर्ण सुनिश्चितता गर्दै सबै स्वास्थ्य संस्थाहरूबाट आधारभूत स्वास्थ्य सेवा र औषधिको सहज एवं निःशुल्क आपूर्ति सुनिश्चित गर्न **आवश्यक बजेटको** व्यवस्थापन गरेको छ । स्थानीयवासीलाई बिमा शुल्कमा ५०% अनुदान र 'क' तथा 'ख' वर्गका अपाङ्गता भएका व्यक्तिका परिवारलाई शतप्रतिशत (निःशुल्क) स्वास्थ्य बिमाको व्यवस्था गर्न **आवश्यक बजेटको** व्यवस्थापन गरेको छ । **"उपाध्यक्षसँग गर्भवती तथा शिशु पोषण"** कार्यक्रमलाई थप प्रभावकारी बनाउनुका साथै यस अन्तर्गत २४ घण्टे सुरक्षित प्रसूति सेवा, ग्रामीण क्षेत्रमा अल्ट्रासाउन्ड घुम्ती शिविर र गर्भवती भत्ता वापत दिइँदै आएको **रु. १,००० (एक हजार)** र महिला स्वास्थ्य स्वयंसेविकाहरूको प्रोत्साहन भत्तालाई निरन्तरता दिदै ज्येष्ठ नागरिकहरूका लागि घरदैलोमै निःशुल्क स्वास्थ्य परीक्षण तथा औषधि वितरण सेवा सञ्चालन गर्नका लागि **आवश्यक बजेटको** व्यवस्थापन गरेको छ।

**"शिशु बचत – लखपति" कार्यक्रम** यसै आर्थिक वर्षदेखि गाउँपालिकाभित्र जन्म हुने हरेक बच्चाको सुरक्षित भविष्य र उच्च शिक्षा सुनिश्चित गर्न **"छथर जोरपाटीका बच्चा: भोलिका लखपति"** कार्यक्रम सुरुवात गर्नका लागि पालिकाको तर्फबाट प्रारम्भिक रकम (Seed Money) जम्मा गरी बैंक खाता खोलिनेछ र निश्चित कार्यविधि बनाई बच्चा १८ वर्ष पुग्दा लखपति बन्ने गरी बचत तथा लगानीको विशेष प्याकेज लागू गर्न **आवश्यक बजेटको** व्यवस्थापन गरेको छ ।
माथि उल्लिखित कार्यक्रमहरुको गरी स्वास्थ्य क्षेत्रमा जम्मा रु ४ करोड १ लाख विनियोजन गरेको छ।

## लैङ्गिक समानता, समावेशीकरण र सामाजिक सुरक्षा

छथर जोरपाटीलाई 'बालमैत्री गाउँपालिका' र 'बालश्रम निषेधित क्षेत्र' घोषणा गर्न विशेष कार्यक्रम सञ्चालन र बेसहारा बालबालिकाका लागि 'संरक्षण कोष' स्थापना गर्नका लागि **आवश्यक बजेट** सुनिश्चित गरेको छ । प्रत्येक वडाको "एकल महिला बिउ पूँजी कोष" लाई निरन्तरता दिईनेछ । लक्षित वर्गका लागि सीप विकास तालिम केन्द्र र स्वरोजगार बैंक स्थापना गर्न **आवश्यक बजेट** सुनिश्चित गरेको छ ।
**"छथर जोरपाटी गाउँपालिका उज्यालो कार्यक्रम"** सञ्चालन गर्न विद्युतको पहुँच विस्तार गर्न स्थानीय जलविद्युत र नवीकरणीय ऊर्जाको अधिकतम उपयोग गर्दै उज्यालोको पहुँच जनस्तरसम्म पुऱ्याउन **आवश्यक बजेटको** व्यवस्थापन गरेको छ ।
माथि उल्लिखित कार्यक्रमहरुको लागि जम्मा रु २८ लाख विनियोजन गरेको छ।

## युवा तथा खेलकुद तर्फ

साविकमा गाउँपालिकाभित्र सञ्चालन हुने विभिन्न खेलकुद कार्यक्रमलाई आवश्यक सहयोग गर्न, खेल क्षेत्रलाई गतिशिल बनाउन खेल प्रशिक्षणलाई प्राथमिकता राखी खेलकुदलाई प्रवर्द्धन गर्न, पालिकास्तरीय हरिराज खेवा स्मृति भलिवल प्रतियोगिता, अन्तरपालिका स्तरीय फुटबल प्रतियोगिता लगायतका खेलकुदका कार्यक्रम सञ्चालन गर्न रु ३० लाख वजेट विनियोजन गरेको छ ।

## ख. यातायात र भवन पूर्वाधार तर्फ

**"दिगो र गुणस्तरीय पूर्वाधार : समृद्ध छथर जोरपाटीको आधार"** को मुल नाराको साथ धनकुटा जिल्लामै यातायात पूर्वाधारमा पहिलो नम्बरको गाउँपालिका बन्ने दृढताका साथ आगामी २ वर्षभित्र पालिकाका मुख्य सडकहरू (जोरपाटी – सल्ले सडक खण्ड, त्रिशुले – हात्तीखर्क सडक खण्ड, जोरपाटी – चुलाचुली – काजिमाने – लामिछाने डाडाँ सडक खण्ड, फुर्तुङ्ग डाडाँ – फ्याट घर – गुवाबेसी सडक खण्ड) कालोपत्रेलाई मुख्य प्राथमिकतामा राखी भित्री सडकहरूलाई बाह्रै महिना चल्ने गरी स्तरोन्नति गर्नका लागि **आवश्यक बजेट** सुनिश्चित गरेको छ। पालिकाको मौजुदा सम्पत्तिको संरक्षणका लागि मागको आधारमा मर्मत-सम्भार कोषलाई निरन्तरता दिँदै यसै कोष मार्फत ६ नं वडा कार्यालय, कृषक सडक, स्वास्थ्य संस्था र विद्यालयका भवनहरूको निर्माण तथा पुनर्निर्माण तथा घेरावारा गर्न **आवश्यक बजेट** सुनिश्चित गरेको छ। ठूला, अधुरा र बहुवर्षीय योजनाहरू सम्पन्न गर्न सङ्घीय र प्रदेश सरकारसँग समन्वय गरी समपूरक कोष, विशेष अनुदान तथा गैरसरकारी क्षेत्रसँगको साझेदारीलाई **आवश्यक बजेट** सुनिश्चित गरेको छ।

बसाँइ सरी आउनेलाई सुरक्षित आवास तथा आर्थिक रुपले विपन्न नागरिकहरुलाई सुरक्षित नागरिक आवास निर्माणको लागि आवश्यक वजेट व्यवस्थापन गरेको छ।

**"श्रमको सम्मान, श्रमको महाअभियान"** अन्तर्गत गाउँपालिका भित्रका भित्री सडकहरु तथा भौतिक पूर्वाधारहरुको नियमित रुपमा जनश्रमदानमार्फत मर्मत सम्भार गरी विकासको पूर्वाधारमा अपनत्व सिर्जना गरी दिगोपन ल्याउन आवश्यक वजेटको सुनिश्चितता गरेको छ।

## विपद व्यवस्थापन र वातावरण तथा जलवायु

- **"मानविय हिसावले जुटौ विपदलाई कम गरौं"** भन्ने नारालाई सार्थक वनाउन यस छथर जोरपाटी गाउँपालिकाको विपद् जोखिम न्यूनिकरण तथा जलवायू परिवर्तन अनुकुलन गर्ने प्रयोजनकालागि विपद् व्यवस्थापन कोषमा थप बजेटको व्यवस्था, विपद जोखिम न्यूनिकरण तथा जलवायु अनुकुलन अभिमुखिकरण कार्यक्रम लाई अघि बढाइएको, गाउँपालिकाको मूख्य सडक किनारा तथा खुल्ला पाखाहरुमा वृक्षरोपण कार्यक्रमको लागि बजेट व्यवस्थापन गरिको छ। वातावरण स्वच्छ, सफा, सुन्दर, मनमोहक र हरियाली बनाउन पटेक डाँडा, बहु सांस्कृतिक प्रतिक पार्कका खुल्ला क्षेत्रमा गुराँस, धुपी, चिया जस्ता बोट विरुवा वृक्षारोपणका लागि बजेट व्यवस्थापन गरेको छ ।
- त्यसै गरी विपद व्यवस्थापन क्षेत्रमा जम्मा रु १० लाख विनियोजन गरेको छ।

## ङ) वडागत तर्फ

नेपाल सरकार द्वारा जारी गरिएको मध्यकालिन खर्च संरचना बजेट तर्जुमा दिग्दर्शन, २०७८ मा व्यवस्था भए अनुसार जनसंख्या, भुगोल, पूर्वाधार विकासको अवस्था, राजश्व संकलनको क्षमता र जनसहभागिताको आधारमा ६ वटै वडामा जम्मा २ करोड ४१ लाख बजेट विनियोजन गरेको छ। सो रकम मध्ये राजश्व संकलनको क्षमता, भुगोल, जनसंख्या, मानव विकास तथा पुर्वधार विकासको अवस्था र जनसहभागिता को आधारमा वडा नं १ मा ४० लाख, २ नं वडामा ४० लाख, ३ नं वडा मा ४१ लाख, ४ नं वडामा ३८ लाख, ५ नं वडा मा ४० र ६ नं वडामा ४२ लाख विनियोजन गरेको छ।

## ग. कार्यालय संचालन तर्फ

**च)** राष्ट्रसेवक कर्मचारीहरुको मनोवल उच्च राख्दै आफनो काम कर्तव्य प्रति सदा उत्प्रेरित राखी यी सेवामा कार्यरत कर्मचारीहरु मध्येबाट हरेक वर्ष कम्तिमा एक जना कर्मचारी लाई तोकिएको नगद सहित ***"छथर जोरपाटी राष्ट्र सेवक सम्मान"*** तथा प्रमाण पत्रबाट स्थापना दिवसमा पुरस्कृत गर्ने कार्यक्रम राखेको छ। संस्थागत विकास, सेवा प्रवाह व्यवस्थापन, राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण व्यवस्थापन, न्याय सम्पादन तथा व्यवस्थापन कार्यालय संचालन समेतका लागि रु. ६ करोड ८२ लाख ५० हजार विनियोजन गरेको छ। समाजवाद उन्मूख समाजमा श्रमको उचित सम्मान हुनुपर्छ भन्ने मान्यता अनुरुप नेपाल सरकारबाट न्यूनतम् ज्याला तथा पारिश्रमिक तोकिएको र सो वमोजिमको बजेट व्यवस्थापनका लागि स्थानीय सरकारलाई जिम्मेवार बनाइएको हुँदा स्थायी तथा नेपाल सरकारबाट तोकिएको प्रचलित तलवमान बमोजिम तलव भत्ता खाइपाइ आउनु

भएका शिक्षक तथा कर्मचारीहरुको पारिश्रमिक तथा तलव शिर्षकमा आवश्यक बजेट विनियोजन गरेको छु । गाउँपालिका तथा वडा कार्यालयमा कार्यरत कर्मचारी एवं कार्यालय सहयोगीहरु तथा गाउँपालिकाको स्रोतबाट पारिश्रमिक पाउने गरी करार सेवामा नियुक्त सामुदायिक विद्यालयका प्रारम्भिक शिक्षक, सामुदायिक विद्यालयका प्रारम्भिक शिक्षक तथा आधारभुत तर्फका विद्यालय कर्मचारीहरु र मा वि तथा आधारभुत्त तहका अनुदानमा रहेको शिक्षकहरुको मासिक खाइपाइ आएको पारिश्रमिकको लागि करार सेवा शुल्कमा उचित बजेट सुनिश्चित हुने गरि बजेटको व्यवस्था मिलाएको छु ।

**सभाध्यक्ष महोदय !**

यसै सम्मानित गाउँ सभाबाट पारित नीति तथा कार्यक्रमका आधारमा तयार भएको यो आयोजना तथा कार्यक्रमहरु कार्यान्वयनका लागि विनियोजित बजेट र व्यहोरिने स्रोत अनुसूचीहरुमा विस्तृत रुपमा प्रस्तुत हुने हुँदा यहाँ संक्षेपमा मात्र प्रस्तुत गर्न चाहन्छु । हाल नेपाली अर्थतन्त्रमा आएको सुस्तताको कारण संघिय सरकार, प्रदेश सरकार तथा गाउँपालिकाको राजस्व परिचालनमा प्रभाव पर्न गइ गाउँपालिकाको आयमा संकुचन हुन गएको हुदाँ आम छथर जोरपाटी गाउँपालिका वासीहरुको असिमित मागहरुको सम्बोधन गर्ने कार्य निश्चय नै सहज छैन। यध्यपी, यस पालिकाको क्षमता अनुरुप दिगो विकासमा टेवा पुग्ने र गाउँवासीहरुको जीवनस्तरलाई माथि उठाउने योजनाहरुलाई प्राथमिकतामा राख्ने प्रयास गरेको छु।

संघीय तथा प्रदेश वित्तिय हस्तान्तरणमा आएको संकुचनले आगामी आ.ब. २०८३/०८४ को लागि कुल बजेटमा वृद्धि हुन सकेन र आगामी आवको बजेटको लागि रु. ४६ करोडको जम्मा बजेट प्रस्ताव पेश गरेको छु ।

सामाजिक सुरक्षा भत्ता, अन्य कार्यक्रम तथा आयोजना अन्तर्गत प्राप्त हुन आउने रकमहरु जो संघीय अन्तर सरकारी वित्त हस्तान्तरण कार्यक्रम सिग्यास (CGAS) बाट भुक्तानी गर्नु पर्ने रकम करिब रु ८ करोड अनुमान गरेको व्यहोरा यस सभामा जानकारी गराउन चाहन्छु ।

**सभाध्यक्ष महोदय !**

यस गाउँपालिकाको नीति तथा कार्यक्रम यस सम्मानित सभाबाट २०८१।०३।०५ गते पारित भइसकेकोले ती सबै नीतिगत विषयहरुलाई समेटने प्रयत्नका साथ यो आय व्यय अनुमान पेश गरेको छु | सो विषयहरु विनियोजन विद्येयक २०८३ को अनुसूची खण्डमा समेटिएको व्यहोरा यस सम्मानित सभा समक्ष निवेदन गर्दै आजको यो महत्वपूर्ण क्षणमा आपनो अमुल्य समय दिनु भएकोमा यस गाऊँ सभाका सम्पूर्ण सदस्यज्यूहरु, उपस्थित पत्रकार, सुरक्षाकर्मी तथा अन्य महानुभावहरु र अहोरात्र खटीई हामीलाई सहयोग गर्नु भएका राष्ट्र सेवक कर्मचारीहरु तथा सम्बन्धित सबैमा सहयोगका लागि हार्दिक धन्यवाद एवं आभार व्यक्त गर्न चाहन्छु ।

धन्यवाद ।

मिति २०८३ साल असार २१ गते


गिता गुरुङ्ग
गाउँपालिका उपाध्यक्ष
छथर जोरपाटी गाउँपालिका
जोरपाटी, धनकुटा